# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०१।२५ गते ।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको ।**

प्रहरी वृत्त मालीगाउँ काठमाडौंमा कार्यरत प्रहरी नायव निरीक्षक दिनेश राउतले बैंकिङ्ग कसुर सम्बन्धी मुद्दामा जाहेरवालाको रकम फिर्ता दिलाईदिन सहजीकरण गरिदिए वापत र उक्त मुद्दा मिलापत्र गर्ने प्रयोजनका लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निज प्रहरी नायव निरीक्षक दिनेश राउतलाई सेवाग्राहीसँग रू.२०,०००।– (बीस हजार रूपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा प्रहरी बृत, मालीगाउँ, काठमाडौंमा कार्यरत प्रहरी नायब निरीक्षक दिनेश राउतले चेक अनादर (चेक बाउन्स) बैंकिङ्ग कसुर मुद्दाको मिलापत्रको प्रक्रिया पुऱ्याउनको लागि सहजीकरण गरिदिने भनी बिभिन्न बहाना बनाई दुःख हैरानी दिई सेवाग्राहीसँग घुस/रिसवत वापत रू.२०,०००/- (बीस हजार रूपैयाँ) माग गरी लिएको स्थापित भएकोले निज प्रहरी नायव निरीक्षक दिनेश राउतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रू.२०,०००।—(बीस हजार रूपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने